# लागु औषध नियन्त्रण ब्यूरो

## कोटेश्वर, काठमाण्डौं

## (प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ४८०

मिति: २०८३।०४।२४ गते।

ने.सं. ११४६

नेपाल सरकार
गृह मन्त्रालय
लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर

## प्रेस विज्ञप्ति

## पक्राउबाट बच्न कुकुर र CCTV बाट निगरानी गर्दै लागु औषधको कारोवार: खैरो हेरोईन ११० ग्राम ३५० मिलिग्राम सहित १ जना पक्राउ

**लागु औषध मुद्दामा पक्राउ परी कारागारबाट छुटेपछी पुनः लागु औषध कारोवारमा संलग्न हुने व्यक्तिहरुको Profiling गर्ने क्रममा मिति २०८३।०४।२३ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १ कुपण्डोल स्थितबाट लागु औषध मुद्दामा कैद भुक्तान गरी छुटेका प्रज्वल के.सी.लाई लागु औषध खैरो हेरोईन ११० ग्राम ३५० मिलिग्राम, लागु औषध तौल गर्ने डिजिटल तराजु थान १ र कारोवारमा प्रयोग गर्ने फरक फरक सिम सहितको मोबाईल थान ५ सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भईरहेको।**

**निजले लागु औषध कारोवार गर्दा पक्राउबाट बच्न तथा लागु औषध खरिद गर्ने ग्राहकको पहिचान गर्न कुपण्डोल स्थित घरमा ४ वटा CCTV Camera, २ वटा कुकुर र लागु औषध कारोबार गर्ने बेडरुमसम्म पुग्न ३ वटा फलामको गेट राखी लागु औषध कारोवार गर्दै आएको पाईएको।**

**निम्नः-**

**पक्राउ प्रतिवादीको विवरण**

१. जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १ ठेगाना भएका वर्ष २९ को प्रज्वल के.सी.

**बरामद सामानहरुको विवरण**

**१. लागु औषध खैरो हेरोईन ११० ग्राम ३५० मिलिग्राम**


२. डिजिटल तराजु थान १

३. मोबाइल थान ५

**नोटः-**

- प्रज्वल के.सी. मिति २०७९।०२।२७ गते लागु औषध खैरो हेरोईन २ ग्राम सहित प्रहरी परिसर ललितपुरबाट पक्राउ परी मिति २०७९।०५।०२ गतेदेखि २०८०।०३।०१ गते सम्म नख्खु कारागारमा रहेको तथा नख्खु कारागारबाट भिमफेदी कारागारमा स्थानान्तरण भई मिति २०८२।१२।१९ गते छुटको।
- निज कारागारमा रहदा कारागार भित्रै रहेको साथी मार्फत सम्पर्क भएका विराटनगर बसी लागु औषध सप्लाई गर्ने व्यक्ति सँग लागु औषध खरिद गर्दै आएको खुलेको।





**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]

नेपाल प्रहरी